# शितलहर आकस्मिक योजना, २०७९, बाँके

# Cold Wave Contingency Plan-2079

जिल्ला विपद् व्यवस्थापन समिति, बाँके



**दस्तावेजः** शीतलहर आकस्मिक कार्य योजना
**District Cold wave Contengency Plan,2079, Banke**

**प्रकाशकः** जिल्ला विपद् व्यवस्थापन समिति, बाँकें

**प्रकाशन मितिः** २०७९

**सर्वाधिकारः** ©प्रकाशकमा

**सल्लाहकारः** श्री सूर्य बहादुर खत्री, प्रमुख जिल्ला अधिकारी, बाँके

श्री हरि बहादुर प्याकुरेल., सहायक प्रमुख जिल्ला अधिकारी, बाँके

श्री टोपेन्द्र बहादुर के.सी., सहायक प्रमुख जिल्ला अधिकारी, बाँके

श्री हरि प्रसाद शर्मा, सहायक प्रमुख जिल्ला अधिकारी, बाँके

**प्राविधिक सहयोगः** नेपाल रेडक्रस सोसाईटी, बाँके जिल्ला शाखा

**संयोजनः** श्री रुपन ज्ञवाली, सूचना व्यवस्थापन अधिकृत

**फोन नं.** : **जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र** (DEOC) ०८१ - ५३५१११

**टोल फ्रि नं.** : १६६० ८१ ५२०१०

**इमेल** : deocbanke@gmail.com

**जिल्ला विपद् व्यवस्थापन समिति, बाँकेको मितिः २०७९ पौष १३ गतेको बैठकबाट स्वीकृत**
**शीतलहर आकस्मिक कार्ययोजना २०७९,बाँके**

*(यो योजना बाँके जिल्लामा शितलहरवाट ३६ हजार घरपरिवारको १ लाख ७८ हजार जनसख्या प्रभावित हुनसक्ने पूर्वानुमानका आधारमा तयार गरिएको छ )*

# विषय सूची :



| क्र.स. | विषय/शिर्षक | पेज नं. |
|---|---|---|
| १ | पृष्ठभूमी | ५ |
| २ | उद्धेश्य | ७ |
| ३ | *जिल्लाको समष्टिगत वस्तस्थिति* | ७ |
| ४ | शीतलहरबाट प्रभावित हुनसक्ने क्षेत्रहरु | ८ |
| ५ | पहुँच | १० |
| ६ | बिपद् परिदृश्य तथा योजना अवधारणाहरु | १० |
| ७ | समन्वय तथा जिम्मेवारी | १० |
| ८ | पूर्वतयारी | ११ |
| ९ | परिचालन हुनसक्ने जनशक्ति विवरण | ११ |
| १० | जिल्लामा रहेको पूर्वतयारी स्वरुप राहत सामाग्री विवरण | १२ |
| ११ | निकायगत भूमिका तथा जिम्मेवारी | १३ |
| १२ | प्रतिकार्य विवरण | १४ |
| १३ | शितलहरका वेला कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणका | १५ |
| १४ | शीतलहर तथा चिसोवाट जोगिन गर्ने पूर्व तयारीहरु : | १६ |

# शब्द-संक्षेप

| | |
|---|---|
| जिविव्यस | : जिल्ला विपद् व्यवस्थापन समिति |
| प्रजिअ | : प्रमुख जिल्ला अधिकारी |
| सप्रजिअ | : सहायक प्रमुख जिल्ला अधिकारी |
| प्रउ | : प्रहरी उपरिक्षक |
| सप्रउ | : सशस्त्र प्रहरी उपरिक्षक |
| विफोप | : विपद् फोकल पर्सन |
| जिसस | : जिल्ला समन्वय समिति |
| स्थाविव्यस | : स्थानीय विपद् व्यवस्थापन समिति |
| प्रप्रअ | : प्रमुख प्रशासकीय अधिकृत |
| नेरेसो | : नेपाल रेडक्रस सोसाइटी |
| गैसस | : गैर सरकारी संस्था |
| जिआकासके | : जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र |
| NEOC | : National Emergency Operation Center |
| PEOC | : Proviece Emergency Operation Center |
| DDMC | : District Disaster Management Committee |
| DEOC | : District Emergency Operation Center |
| LEOC | : Local Emergency Operation Center |
| OSM | : Open Street Map |
| IRA | : Initial Rapid Assessmet |
| MIRA | : Multi-Cluster Initial Rapid Assessmet |
| CSDA | : Cluster Specific Details Assessment |
| PDNA | : Post Disaser Need Assessment |
| DRR&M Act | : Disaster Risk Riduction and management Act. |
| DPRP | : District Disaster Preparedness Plan |
| DHM | : Department of Hydrology and Metrology |
| WFP | : World Food Programme |
| NRCS | : Nepal Red Cross Society |
| NFRI | : Non Food Relief Iteam |
| RRT | : Rapid Resonse Team |
| QRT | : Quick Response Team |
| IMO | : Information Management Officer |
| DMA | : Data Management Assisstant |
| SAR | : Search and Rescue |
| DLSA | : District Lead Support Agency |
| UNICEF | : United Nations Internaionals Childrens Emergency Fund |
| DRR Portal | : Disaster Risk Riduction Portal |
| SOP | : Standard Operating Procedure |
| SDF | : Social Development Forum |
| BEE-Group | : Bheri Environmental Excellence Group |

## १. पृष्ठभूमी :

बाँके जिल्ला विशेष गरी बाढी, आगलागी, हावाहुरी, लू र महामारीजस्ता विपद्बाट बढी प्रभावित भइरहने जिल्ला हो भने खुख्खा खडेरी, फौजीकिराको प्रकोप, डुबान, सडक दुर्घटना पनि हुन । यी बिभिन्न प्रकोप मध्ये बाँकेमा शीतलहर पनि एक मुख्य प्रकोप भएकोले शीतलहर आकस्मिक कार्य योजना(Cold wave Contengency Plan)शितलहर केन्द्रित रहेको छ ।




यस जिल्लामा हिउँदको महिना मंसिर देखि माघ/फाल्गुनसम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ । चिसोबाट केटाकेटी र बृद्धबृद्धाहरूलाई बढी असर हुने गरेको छ । यसैगरी न्यानो कपडा नभएका अर्थात गरीब परिवार शीतलहरको उच्च जोखिममा रहेका छन् । यस जिल्लामा चिसो सुरु हुनासाथ केटाकेटीमा निमोनिया रोग बढी देखिने गरेको छ ।

शीतलहर प्रकोपको असर कम गर्नका लागि सरोकारवाला निकाय जिल्ला विपद् व्यवस्थापन समितिले समयमा सर्तकता अपनाउने गरी योजनामा समावेश गरेको छ । यस समयमा आवश्यक्तानुसार दाउरा उपलब्ध गराई गाउँबस्ती, शहरमा सामुहिक रुपमा आगो ताप्ने व्यवस्था र न्यानो कपडा तथा कम्बल बितरण गर्ने योजनामा मिलाइएको छ । जिल्ला विपद् व्यवस्थापन समितिले शितलहर पूर्वतयारी स्वरुप कम्बल खरिद गरि व्यवस्थापन गर्ने गरेको छ भने रेडक्रस लगायत अन्य संघ-संस्थाहरुले पनि जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी पूर्वतयारी गरेका छन ।

साधन र स्रोतको कमी हुँदा हुँदै पनि यस जिल्लामा भइरहने प्रकोपका घटना र त्यसबाट हुने तत्कालीन क्षतिलाई कम गर्न योजनाबद्ध रूपमा कार्य गर्नका लागि बिभिन्न किसिमका योजना तथा निर्देशिका समेत तयार भएको र जिल्ला स्थित बिभिन्न सरोकारवाला निकाय, नागरिक समाज, विपद् पीडित समुदायसँग नजिक रहेर केन्द्रसँग प्रभावकारी समन्वय गर्नका लागि गृह मन्त्रालयको सहयोगमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना समेत भई क्रियासिल रहेको छ ।

यस जिल्लामा हरेक वर्ष माथि उल्लेखित विपद्हरु मध्य शितलहरको प्रभाव पनिहुने गरेको छ । विगतका वर्षहरुमा शितलहरको प्रकोपले यस जिल्लालाई अस्तव्यस्त पारिरहेको अवस्था छ । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि केन्द्र, प्रदेश देखि स्थानीय तहसम्म संस्थागत संरचनामा सुधार ल्याई विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित समुदायको विकासमा अगाडि बढ्नु आवश्यक देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनसार बाँके जिल्लाको पालिका अनुसार प्रारम्भिक बिवरण

| जिल्ला /स्थानिय तह | जनगणना घर संख्या | परिवार संख्या | प्रारम्भिक जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला |
| बैजनाथ गाउँपालिका | १५४३९ | १६७६५ | ७०३१५ | ३२७३९ | ३७५७६ |
| डुडुवा गाउँपलिका | ६१५२ | ८११२ | ४३०३९ | २१७९८ | २१२४१ |
| जानकी गाउँपालिका | ७२६३ | ९७२४ | ४६५३६ | २३३८६ | २३१५० |
| खजुरा गाउँपालिका | १२२१३ | १३८८५ | ६३७४९ | ३०२८४ | ३३४६५ |
| काहोल्पुर नगरपालिका | २१२५१ | २४३४६ | १००२८९ | ४६३२४ | ५१९६५ |
| नरैनापुर गाउँपलिका | ६९४१ | ८६८० | ४३६९८ | २१७२२ | २१८७६ |
| नेपालगञ्ज उपमहानगरपालिका | २६४९१ | ३५५१७ | १६६२५८ | ८३३११ | ८२९४७ |
| राप्ती सोनारी गाउँपालिका | १४३८० | १५४९१ | ६७७८२ | ३२०१५ | ३५७६७ |

यस जिल्लामा उत्तरबाट दक्षिणतिर बग्ने राप्ती नदी, मान खोला र चुरे पहाडबाट दक्षिणतिर बग्ने वर्षे खोलाहरूले वर्षेनी धेरै उव्जाउ भूमि कटान गरिरहेका छन् भने चिसो मौसममा हुने शीतलहरले पनि अन्नबाली तथा तरकारी खेतीहरुमा क्षति पुऱ्याउने गरेको छ ।

नेपाल सरकारबाट स्वीकृत विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धि विभिन्न ऐन, नीति नियम, रणनिती तथा कार्ययोजना जस्ता दस्ताबेजहरुका मार्गदर्शन, गाउँपालिका कार्यालहरूबाट संकलित सूचनाको समेत आधारमा यस जिल्लामा हिउदयाममा हुन सक्ने सितलहरलाई दृष्टिगत गरी सो अगाडी नै अपनाइने सावधानीहरु, सितलहरको समयमा गरीने राहत तथा लेखाजोखा र प्रभावितहरुलाई राहत वितरणजस्ता मानविय सहयोग(Humanitarian Assistance)एवं सल्लाह सुझाव, समन्वय र सहयोग सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समिति बाँकेले शीतलहर आकस्मिक कार्य योजना २०७९(Coldwave Contengency Plan-2079)तयार गरेको छ । ***यस वर्ष शितलहरवाट ३६ हजार परिवारको १ लाख ७८ हजार जनसख्या प्रभावित हुनसक्ने आकलन गरिएको छ ।***

समग्रमा यस जिल्लाको शीतलहरआकस्मिक कार्य योजना सबै बिषयगत क्षेत्र(Cluster Approach)को नेतृत्व तथा सह-नेतृत्व गर्ने सरकारी तथा गैरसरकारी निकायहरु, स्थानिय तह बिषयगत शाखाहरुले आ-आफ्नो विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धि कार्य गर्दा कोरोना भाइरस (कोभिड-१९) बाट हुनसक्ने जोखिम तथा तेस्रो लहरको महामारीलाई मध्यनजर गरि हरेक गतिविधिहरुलाई Cross Cutting Issuesका रुपमा लिई कार्य गर्नुपर्नेछ । चिसो मौसमसँगै नया भेरीयन्टको कोभिड-१९ को पनि संक्रमणमा बृद्धि छिमेकी मूलुकमो देखाएकोले शीतलहरको बेला अध्याधिक चिसो बढने र चिसोको कारणले कोरोना संक्रमितहरुको सँख्या बढन सक्ने अवस्थालाई मध्यनजर राख्दै बिभिन्न रोकथाम तथा नियन्त्रणका प्रयासहरु गर्नुपर्ने देखिन्छ ।

## २. उद्धेश्य :

शीतलहरले पुऱ्याउन सक्ने जोखिमको विश्लेषण गर्दै त्यस प्रति सजग रहन, तत्काल राहत तथा उद्धार कार्यमा जिल्ला स्थित सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायहरु तथा तालिम प्राप्त जनशक्तिहरुलाई अधिकतम रुपमा परिचालन गरी राहत तथा उद्धार कार्य छिटो छरितो र विश्वसनिय वनाउनु यस कार्य योजनाको उद्धेश्य रहेको छ ।

## ३. जिल्लाको समष्टिगत वस्तुस्थिति :

भौगोलिक अवस्थाको सन्दर्भमा यसको क्षेत्रफल २,३३७ व.कि.मी. (२,२५,८३६हे.) औषत लम्बाइ ८४ कि.मी.अक्षांश २७ ५१' उत्तर देखि २८ं २०' उत्तर सम्म देशान्तर ८१ं २९' पूर्व देखि ८२ं ८' पूर्व सम्म छ भने सिमानाको सन्दर्भमा पूर्वमा दाङ्ग जिल्ला पश्चिममा बर्दिया जिल्ला उत्तरमा बर्दिया, सल्यान र दाङ जिल्ला अवस्थित छन भने दक्षिणमा भारतको श्रावस्ती र बहराईच जिल्ला रहेको छ ।

यस जिल्लाको हावापानीको सन्दर्भमा अधिकतम तापक्रम ४६ डि.से. र न्यूनतम ४.२ डि.से. सम्म रेकर्ड गरिएको, अधिकतम वार्षिक वर्षा १९१२ मि.मि., औषत सापेक्षिक आद्रता ७१.४ रहेको, गर्मीमा अत्यधिक गर्मी हुने, लु चल्ने तथा जाडो मौसममा शितलहर चली अत्यधिक जाडो हुने गर्दछ ।

**भू उपयोग** :आवादी तथा खेतीयोग्य जमिन ९२,०६८ हे. (४०.७७%), वन क्षेत्र ११३,२९५ हे.(५०.१७%), अन्य चट्टान, नदी, बगर, आदि) २०,४७३ (९.०६%)

### ३.१ जलवायु र हावापानी :

- औषत अधिकतम तापक्रम :४६० सेल्सीयस
- औषत न्यूनतम तापक्रम :४.२० सेल्सीयस
- औषत वार्षिक वर्षा :१९१२ मि.लि.
- हावापानी :उष्ण देखि सामशितोष्णसम्म

### ३.२ जनसंख्या (२०७८ सालको जनगणना अनुसार)

- कुल जनसंख्या : ६०१६६६
- पुरूष : २९१५७९
- महिला : ३०७९८७
- घरधुरी संख्या : १३२५२०

### ३.३ स्वास्थ्य सेवाको अवस्था :

- भेरी अस्पताल :१
- क्षेत्रीय प्रहरी अस्पताल :१
- सैनिक अस्पताल :१
- नेपालगंज मेडिकल कलेज शिक्षण अस्पताल नेपालगंज लगायत अन्य निजी नर्सिङ्ग होम :१५
- सुशील कोइराला प्रखर क्यान्सर अस्पताल :१
- स्वास्थ्य चौकी :२०
- उपस्वास्थ्य चौकी :२४
- प्राथमिक स्वास्थ्य केन्द्र संख्या :४

- बेड संख्या (सरकारी १५० निजी८९५): १०४५
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र :१
- आयुर्वेद केन्द्र :३ (टिटिहिरिया, कोहलपुर, जैसपुर)
- आई.एन.एफ. किलनिक (कुष्ठरोग) :१
- मातृ मृत्यु दर (प्रति लाख) :१७०
- बाल मृत्यु दर (प्रति हजार) :४०
- शिशु मृत्यु दर (प्रति हजार) :३६

## ४. शीतलहरबाट प्रभावित हुनसक्ने क्षेत्रहरु :

बाँके जिल्लाका सबै स्थानिय तहहरु शीतलहरबाट प्रभावित हुन सक्ने देखिन्छ । तथापी नेपालगँज उपमहानगरपालिका र कोहलपुर नगरपालिका क्षेत्रहरु र स्थानिय तहहरुका व्यवस्थित वस्ती तथा चेतनाको स्तर उच्च भएका क्षेत्रहरुमा यसको प्रभाव कम हुनसक्दछ । नेपालगँज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका, बैजनाथ गाउँपालिका, राप्तीसोनारी गाउँपालिका, जानकी गाउँपालिका, डुडुवा गाउँपालिका र नरैनापुर गाउँपालिकाहरु क्रमसः न्यून प्रभावित देखि बढी प्रभावित क्षेत्र अनुसार राखिएको छ । प्रस्तुत तथ्याङ्क विषेश गरी बालबालिका, जेष्ठ नागरीक, सुत्केरी, गर्भवती तथा २०७१ तथा २०७४,२०७९ सालको वाढीवाट पुर्णप्रभावित परिवार भई घरवारविहीनको तथ्याङ्कको आधारमा रहेको छ । साथै नेपालमा गरिवीको लघुक्षेत्र अनुमान,२०६८, केन्द्रिय तथ्याङ्क विभाग अनुसार बाँके जिल्लामा गरिवीको दर २६.३५ प्रतिशत रहेको छ । आकडा अनुसार गरिवीको विषमता ६.६३ प्रतिशत र गरिवीको गहनता २.४ प्रतिशत रहेको छ । यसवाट पनि शितलहरवाट गरिव समुदायका व्यक्तिहरु ठुलो मात्रामा प्रभावित हुने देखिन्छ । यी सवैलाई आधारमानी प्रभावित हुनसक्ने परिवार सख्या आकलन गरिएको छ ।

| क्र.सं | स्थान | जम्मा परिवार सख्या | शितलहरवाट प्रभावित हुनसक्ने | | | स्तर |
|---|---|---|---|---|---|---|
| | | | प्रभावित हुनसक्ने प्रतिशत | परिवार संख्या | जनसंख्या | |
| १ | नेपालगँज उपमहानगरपालिका | ३५५१७ | २५ | ८५२४ | ४२६२० | पाचौ |
| २ | कोहलपुर नगरपालिका | २४३४६ | १७ | ४१३८ | २०६९४ | आठौं |
| ३ | खजुरा गाउँपालिका | १३८८५ | २३ | ३१९३ | १५९६७ | छैठौ |
| ४ | जानकी गाउँपालिका | ९७२४ | ४० | ३८८९ | १९४४८ | तेस्रो |
| ५ | बैजनाथ गाउँपालिका | १६७६५ | २१ | ३५२० | १७६०३ | सातौ |
| ६ | राप्तीसोनारी गाउँपालिका | १५४९१ | २५ | ३८७२ | १९३६३ | चौथो |
| ७ | नरैनापुर गाउँपालिका | ८६८० | ५१ | ४४२६ | २२१३४ | दोस्रो |
| ८ | डुडुवा गाउँपालिका | ८११२ | ५२ | ४२१८ | २१०९१ | पहिलो |
| | | १३२५२० | | ३५७८० | १७८९२० | |

*(स्रोत: जिल्लाको गाँउपालिका नगरपालिका प्रोफाइल, २०७४ को खण्ड ६.१ को गरिवीको अवस्था सम्वन्धि विवरण)*

नोटः

क) शीतलहर जोखिम स्तरिकरण सम्बन्धित पालिको गरिबी सूचांक, विपन्नता, समुदायको जीवनशैली, प्राकृतिक स्रोत साधनको पहुँच र उपलब्धता आदिको आधारमा गरिएको छ ।

ख) लक्षित परिवार संख्या सम्बन्धित पालिकाको प्रोफाईलको तथ्याङ्क अनुसार राखिएको छ ।

ग) प्रभावित हुनसक्ने संख्याः ३५७८० घरधुरी र १७८९२० जनसंख्या ।

## ५.क प्रभावित हुनसक्ने समुह

| | |
|---|---|
| जेष्ठ नागरिक ८० वर्ष भन्दा माथि | श्वास प्रश्वास जन्य रोग, नसा सम्बन्धि, मृत्यु हुन सक्ने, आर्थिक क्षति |
| बलबालिका ५ वर्ष भन्दा मुनि | पखाला, आँउ, चिसोबाट हुने रोग, मृत्यु, विद्यालय शिक्षाबाट वान्चित, कुपोषण, हिडडुलमा समस्या |
| अपाङ्गता भएका व्यक्ति | पखाला, आँउ, चिसोबाट हुने रोग, मृत्यु, विद्यालय शिक्षाबाट वान्चित, कुपोषण, हिडडुलमा समस्या |
| गर्भवती महिला | पोषणजन्य खानाको अभाव, चिसोले बेहोस हुने, शरिर दुख्ने |
| सुत्केरी | चिसो जन्य रोग, सरसफाईमा समस्या |
| दिर्घरोगी | उपचारमा समस्या, रोग जटिलता हुने, मृत्यु हुन सक्ने |
| सडक मानव | कठाङ्गिने, चिसोबाट मृत्यु हुने |
| गरिब तथा विपन्न | कठाङ्गिने, चिसोबाट मृत्यु हुने |
| ज्यालादारी मजदुर | काम गुम्ने सम्भावना |
| विद्यालय जाने उमेरका बालबालिका | विद्यालय बन्द हुनाले पढाई प्रभावित हुने |

## ५.ख विगतमा शितलहर तथा चिसोले पारेको प्रभाव :

| साल | शितलहरको अवधि | प्रभाव |
|---|---|---|
| २०७८ | १०-१५ दिन | मध्ययम |
| २०७७ | १०-१५ दिन | मध्ययम |
| २०७६ | १०-१५ दिन | मध्ययम |
| २०७५ | ३० दिन | उच्च |
| २०७४ | ७ दिन | सामान्य |
| २०७३ | १० दिन | मध्यम |
| २०७२ | केही दिन | सामान्य |
| २०७१ | ७ दिन | मध्यम |

| | | |
|---|---|---|
| २०७० | केहि दिन | सामान्य |
| २०६९ | ४५ दिन | उच्च |

**५.पहुँच:**

- बाँके जिल्लामा बिगतका दिनका अनुभवहरुलाई केलाउदा सितलहरको समयमा एक ठाउँ देखि अर्को स्थान सम्म जादा निकै कठिन हुने गरेको पाइएको छ ।
- शीतलहरको समयमा जिल्लाका सवै जसो स्थानहरुमा बाक्लो हुस्सु तथा सितलहरका कारण भिजिविलिटि कमि भई सडक दुर्घटना हुदाँ यातायातको साधन प्रयोग गर्दा त्रासको महसुस गर्ने
- अत्याधिक चिसोको कारण घर देखि बाहिर निस्कन नसक्ने।

**६.बिपद् परिदृश्य तथा योजना अवधारणाहरुः**

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपद्बाट प्रभावित जिल्लाको सूचीमा बाँके पनि रहेको छ। जिल्लामा हरेक वर्ष बाढी, आगलागी, सितलहर, हावाहुरी,जनावरको आक्रमण र सडक दुर्घटनाजन्य विपद्का कारण जनधनको क्षति हुने गरेको छ । जिल्ला विपद्पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ मा प्रयोग स्तरीकरण गर्दा ७ स्थानमा रहेको सितलहर तथा नियमित भइरहने विपद्को समयमा मानवीय सहायतालाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ । त्यसैले जिल्लामा विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजनामध्ये आपत्कालीन समयमा मानवजीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका लागि जिल्ला विपद व्यवस्थापन समितिलेCold Wave Contingency Planतयार गरि जिल्लाका महत्वपूर्ण दस्तावेजको रुपमा स्वामित्व ग्रहण गरेको छ । विपद्को समयमा विपद्प्रभावितहरुको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न बाँके जिल्लाको साधन स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीता तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरुलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ ।

**७. समन्वय तथा जिम्मेवारी :**

- जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए वमोजिमका क्षेत्रगत अगुवा सवैले कार्ययोजना तयार पारी शितलहरको पुर्वतयारी तथा प्रतिकार्यमा तयार रहने,
- शीतलहर प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा संकटासन्न समूह (बालबालिका, जेष्ठनागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिला) भएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धार गरी जीवन बचाउनु,
- शीतलहरको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको बारेमा स्थानिय विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेतलाइ जोखिम न्यूनिकारण गर्नको लागी अनुरोध गर्ने

- विपद्को समयमा संघिय सरकार,प्रदेश सरकार, स्थानीय तह,दातृ निकाय, सबै विषयगत क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजविच समन्वय कायम गर्नु,
- नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्नु र पृष्ठपोषण दिनु,
- शीतलहरबाट प्रभावित हुन सक्ने क्षेत्र,गाउँ,टोल, परिवारहरुको पहिचान गरी राहत तथा सहयोगको लागि जिल्ला अगुवा सहयोगी निकाय (DLSA)को समन्वयमा सवै सरोकारवालानिकायहरुलाई विशेष गरेर दाउरा, कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा रहन राख्ने र राख्न लगाउने,
- जाडोयाममा हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम तत्काल संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राखे व्यवस्था मिलाउने,
- शीतलहरबाट सुरक्षित रहनका लागि तपसिल बमोजिमका सचेतनात्मक सन्देशमूलक सूचना एवम्जानकारी स्थानिय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानिय गैरसरकारी निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

## ८. पूर्वतयारी :

- बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने,
- सबै स्थानिय तहका विपद् व्यवस्थापन समितिहरुलाई जनचेतना मुलक कार्य गर्न लगाउने,
- सबै स्थानिय तहका विपद् व्यवस्थापन समितिहरुमा शीतलहर पूर्वतयारी कार्यशाला संचालन गर्न लगाउने
- स्थानिय तहका संकटासन्न क्षेत्रको नक्साकन गर्ने र विपद्पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने
- विषयगत समितिहरुको नियमित बैठक गर्ने
- जिल्लामा न्यानो कपडा सेट र कम्बल व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहल गर्ने,
- सवै स्थानिय तह र सरोकारवाला निकायसंग समन्वय गरि दाउराको व्यवस्थापन गर्ने ।
- स्थानिय एफ.एम र पत्रपत्रिकाहरुवाट जनचेतनामुलक सन्देशहरु प्रसारण गर्ने ।

## ९.परिचालन हुनसक्ने जनशक्ति विवरण :

| क्र.सं. | ीनकाय | परिचालन हुनसक्ने जनशक्ति | स्वास्थ्य कर्मी |
|---|---|---|---|
| १ | नेपाली सेना, बज्रदल गण | ५०० | १० |
| २ | नेपाल प्रहरी | ७०० | ५ |
| ३ | शसस्त्र प्रहरी बल, ३० नं.गण | ४०० | ५ |
| ४ | नेपाल रेडक्रस सोसाइटी | १५० | - |
| ५ | नेपालगँज उपमहानगरपालिका | १५० | ७० |
| ६ | कोहलपुर नगरपालिका | १०० | ५० |
| ७ | खजुरा गाउँपालिका | ५० | ३० |
| ८ | जानकी गाउँपालिका | ५० | ३० |

| | | | |
|---|---|---|---|
| ९ | बैजनाथ गाउँपालिका | ५० | ३० |
| १० | राप्तीसोनारी गाउँपालिका | ५० | ३० |
| ११ | नरैनापुर गाउँपालिका | ५० | ३० |
| १२ | डुडुवा गाउँपालिका | ५० | ३० |
| १३ | सेभ द चिल्ड्रेन | ३० | – |
| १४ | वेस बाँके | १० | – |
| १५ | बि ग्रुप | ५० | – |
| १६ | बाँके यूनेस्को क्लब | ३० | – |
| १७ | आई.एन.एफ. | १० | ५ |
| १८ | नेपालगज मेडीकल कलेज | – | ५० |
| १९ | जिल्लाका निजि अस्पतालहरु | – | १०० |

**१०.जिल्लामा रहेको पूर्वतयारी स्वरुप राहत सामाग्री विवरण :**

| क्र.सं. | ीनकाय | कम्बल | त्रिपाल | न्यानो कपडा | आपतकालीन विपद् कोष वाट उपलब्ध गराउने सक्ने कोष |
|---|---|---|---|---|---|
| १ | जिल्ला विपद् व्यवस्थापन समिति | १२० | १५० | - | ८ लाख |
| २ | नेपाल रेडक्रस सोसाइटी | १०० | १०० | - | |
| ३ | नेपालगंज उपमहानगरपालिका | ५० | - | - | २० लाख |
| ४ | कोहलपुर नगरपालिका | ५० | - | - | १५ लाख |
| ५ | खजुरा गाउँपालिका | - | - | - | १० लाख |
| ६ | जानकी गाउँपालिका | २०० | - | - | १० लाख |
| ७ | बैजनाथ गाउँपालिका | - | - | - | १० लाख |
| ८ | राप्तीसोनारी गाउँपालिका | - | - | - | १० लाख |
| ९ | नरैनापुर गाउँपालिका | - | - | - | १० लाख |
| १० | डुडुवा गाउँपालिका | - | - | - | १० लाख |
| ११ | युनिसेफ | ५०० | १०० | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सेभ द चिल्ड्रेन | ५०० | १०० | ४०० | |
| १३ | कियर नेपाल/बि ग्रुप | | १०० | - | १ लाख |
| १४ | एक्सन एड | ३०० | | | |
| १५ | बाँके युनेस्को | १०० | | | |

## ११.निकायगत भूमिका तथा जिम्मेवारी :

| क्र.सं. | निकाय | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने (आवश्यकता अनुसार सँघ तथा प्रदेशस्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय) |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>(स्रोतः आर्थिक, भौतिक, मानविय) परिचालन तथा समन्वय गर्ने । |
| ३ | स्थानिय तहहरु | प्रमुख/अध्यक्ष | ● नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>● विषयगत क्षेत्रसग समन्वय गरि राहत कार्यमा सहयोग गर्ने,<br>● आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय)<br>● तथ्यांक संकलन तथा ब्यवस्थापन ( स्रोत आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन तथा समन्वय गर्ने, |
| ४ | सुरक्षा निकायहरु | प्रमुख | ● सुरक्षा व्यवस्था गर्ने,<br>● विषयगत क्षेत्रहरुलाई सहयोग गर्ने, |
| ५ | राजनीतिक दलहरु | दलका प्रमुखहरू (अध्यक्ष तथा सभापति) | ● समन्वय,<br>● स्रोत संकलनमा सहयोग (जनपरिचालन गर्ने)<br>● स्रोत संकलनमा सहयोग (जनपरिचालन गर्ने) |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ● गैह्रखाद्य राहत सामाग्री तथा अस्थाई आवास ब्यवस्थापनमा सहयोग,<br>● आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic)व्यवस्थापनमा सहयोग गर्ने |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय | स्रोत केन्द्र प्रमुख | ● राष्ट्रिय/अन्तराष्ट्रियगैरसरकारी संघ/संस्था तथा सरोकारवालासंग समन्वय र सहकार्य गर्ने,<br>● DDMC, DEOCसँग समन्वय गरि आर्थिक |

| | | | |
|---|---|---|---|
| | | | तथा प्राविधिक सहयोग गर्ने । |
| ८ | उद्योग वाणिज्य सँघ | अध्यक्ष | ●न्यानो कपडा तथा कम्मल सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने,<br>●आवश्यक्तानुसार तयारी खाद्यान्न सहयोग |
| ९ | यातायात व्यवसायी संघ तथा प्रा.लि.हरु | अध्यक्ष | ●राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| १० | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | ●सहि सूचना संकलन तथा सम्प्रेषण,<br>●सचेतनामुलक सुचना तथा समाचार सम्प्रेषण गर्ने |
| ११ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ●मानवस्रोत परिचालन गर्ने,<br>●स्रोत संकलनमा सहयोग गर्ने<br>●गै.स.स. वीच समन्वय,<br>●क्षमता विकास तथा सहजिकरण कार्य गन |
| १२ | नागरिक समाज | संयोजक | ●राहत कार्यमा सहयोग तथा समन्वय,<br>●मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग, |
| १३ | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र | सूचना व्यवस्थापन अधिकृत | ●सूचना संकलन, समन्वय, संप्रेशन,<br>●तथ्यांक व्यवस्थापन, श्रोत नक्शांकन र कार्ययोजना तयारीमा सहयोग, |

## १२. प्रतिकार्य विवरण :

| क्र.सं. | क्रियाक्लापहरु | जिम्मेवार निकाय | स्थान |
|---|---|---|---|
| १ | शीतलहरव्यवस्थापनको अगुवाई | जिल्ला विपद् व्यस्वस्थापन समिति | जिल्ला भरी |
| २ | न्यानो कपडा संकलन | स्थानिय तहहरु, उद्योग वाणिज्य संघ,नेपाल रेडक्रस सोसाइटी , मानविय क्षेत्रमा कार्यरत सघसस्था | क्षेत्र अनुसार जिल्ला भरी |
| ३ | दाउरा संकलन | नगरपालिका, गाउँपालिकाहरु जिल्ला वन डिभिजन कार्यालय तथा सामुदायिक वन महासंघ | |
| ४ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय, स्थानीय विपद व्यवस्थापन समिति सुरक्षाकर्मी,नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा/उपशाखाहरु र उद्योग वाणिज्य संघह, मानविय क्षेत्रमा कार्यरत सघसस्था | प्रभावित क्षेत्रमा |

| | | | |
|---|---|---|---|
| ५ | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक समिति, संघसंस्थाहरु तथा समिति | जिल्ला भरी |
| ६ | स्वास्थ्य शिविर | जिल्ला अस्पताल, स्थानिय तह अन्तर्गतका स्वास्थ्य इकाइ र अन्य सेवा प्रदायक संघ-सस्था | प्रभावित क्षेत्रमा |
| ७ | विपद सम्बन्धी सुचना तथा जनचेतना | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, जल तथा मौषम फिल्ड कार्यालय | जिल्ला भरी |
| ८ | सुचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र | जिल्ला भरी |

**१३. शितलहरका वेला कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणका पूर्वतयारी प्रयासहरु :**

- बिभिन्न समितिहरु गठन गरि आवश्क्तानुसार निर्णय निर्माण र कार्यान्वयन,
- कोभिड १९ संक्रमण रोकथाम, नियन्त्रण र उपचार व्यवस्थासँग सम्बन्धित निर्णयहरु जस्तैः लकडाउनसँग सम्बन्धित निर्णय, उच्च जोखियूक्त क्षेत्र सिल गर्ने निर्णय, क्वारेन्टाईन, आइसोलेसन अस्पताल र सेन्टर व्यवस्थापन र उपचारसँग सम्बन्धित निर्णयहरु गरि कायान्वयन गर्ने र निरन्तरता दिने आदि ।
- भारतबाट फर्केका नागरिकहरुलाई तत्काल समुदायमा घुलमिल नहुन दिने गरी सम्बन्धित स्थानीय तहहरुमा एन्टीजेन तथा पिसी आर परिक्षण गर्ने गरेको र सो कार्यलाई निरन्तरता दिने,
- Case Investigation Team, Contact Tracing Team गठन गरी कार्य सम्पादन र निरन्तरता ।
- जिल्लाको धार्मिक सम्बेदनशीलतालाई मध्यनजर गरी धार्मिक सदभाव कायम राख्दै कोभिड १९ रोकथाम र नियन्त्रणमा धार्मिक सदभाव समिति निर्माण गरी धर्मगुरु, मौलानासँग समेत समन्वय र परिरचालन,
- भारतका बिभिन्न स्थानबाट यस जिल्लाको नाका जमुनाहा हुँदै नेपाल प्रवेश गर्ने सबै नागरिकहरुको स्वास्थ चेकजाच गर्ने गरिएको
- यस जिल्लामा कार्यरत बिभिन्न गैरसरकारी निकाय, यूएन एजेन्सीहरु, रेडक्रस लगायतको समन्वय र सहयोगमा कोभिड १९ विरुद्धको अभियानमा सम्बन्धि कार्य भैरहेको,
- कोभिड-१९ संक्रमित व्यक्तिहरुको स्वास्थ्य उपचार तथा अन्य व्यवस्थापनकालागि तत्कालै स्थानिय तह, सुरक्षा निकायहरुसँग समन्वय गरि आइसोलन केन्द्रमा आवश्यकक्तानुसार व्यवस्थापन गर्ने

**१४ : शीतलहर तथा चिसोवाट जोगिन गर्ने पूर्व तयारीहरु** :

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ ।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नविताऔ ।

- रातको समयमा न्यानो सिरक, कम्मल जस्ता ओड्ने प्रयोग गर्ने र सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोवाट जोगाउने ।
- चिसो मौसममा कोविड १९ को सक्रमण वढी हुने हुदा स्वास्थ्य मापदण्डलाई अपनाउने
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो खाने झोलिलो खानेकुराहरु खाने ।
- बालबालीका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने ।
- शीतलहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने गोठ अथवा टहरामै राखेर प्रर्याप्त घाँस, पराल र दाना दिने ।
- चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने ।
- चिसोका कारण पुशुपंक्षी विरामी भएका नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने ।
- कोठा भित्र आगोवाली तातो पार्दा पयार्प्त भेण्टिलेशनको व्यवस्था मिलाउने ।
- यसका अत्तिरिक्त सम्वन्धित क्षेत्रगत अगुवा निकायले प्रचार-प्रसारका लागि उपयुक्त सामाग्रीहरु तयार गरी मातहतका निकायहरुलाई परिपत्र गर्ने ।
- शीतलहरको प्रभाव न्यून गर्न स्थानीय तह, स्थानीय विपद् व्यवस्थापन समितिहरुले जोखिममा रहेका विपन्न तथा गरीव परिवारहरुको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटीको समन्वयमा प्रर्याप्त मात्रामा इन्धन, दाउरा तथा कम्बलहरु वितरणको लागि व्यवस्था मिलाउँने ।